# न्यू योर्क सिटी मानव अधिकार कानुनअन्तर्गत घरेलु कामदारहरूका लागि सुरक्षा

**कामदार तथा रोजगारदाताहरूलाई न्यू योर्क सिटी मानव अधिकार कानुन (NYCHRL) अन्तर्गत उहाँहरूको अधिकार तथा दायित्वहरू बुझ्न मद्दत गर्ने संसाधन हो। यस कागजातले नयाँ कार्यस्थल सुरक्षाहरूसम्बन्धी जानकारी प्रदान गर्छ।**

**मार्च 12, 2022 देखि, NYCHRL ले न्यू योर्क सिटीमा घरेलु कामदारहरूलाई भेदभाव, दुर्व्यवहार, तथा प्रतिशोधबाट संरक्षण गर्नेछ। यसले उहाँहरूलाई उचित समायोजनका लागि पनि हकदार बनाउनेछ।**

## कानुनअन्तर्गत अधिकार भएको घरेलु कामदार को हो ?

NYCHRL को सुरक्षाहरू न्यू योर्क सिटीमा काम गर्ने सबै घरेलु कामदारहरूमा लागू हुनेछन्।

- घरेलु कामदारहरूमा धाई, घर हेरचाह गर्ने कामदार, घर सफा गर्नेहरू, वा बाल हेरचाह, वृद्ध हेरचाह, सहयोगी, वा घर-स्याहार सेवाहरू प्रदान गर्ने घरमा काम गर्ने कुनै पनि कामदारहरू पर्नुहुन्छ। अधिकांश पूर्णकालिक र आंशिक समय काम गर्ने कामदारहरू समेटिन्छुहुन्छ।
- अपवादहरू: कानुनले कहिलेकाहीं मात्र काम गर्नेहरूलाई समेट्दैन। यसले रोजगारदातासम्बन्धी वा हेरचाह प्राप्त गर्ने व्यक्तिसम्बन्धी कामदार, र सहयोगी सेवा प्रदान गर्ने साथसाथै बाहिरी एजेन्सीमा काम गर्ने कामदारलाई समावेश गर्दैन।

## कानुनअन्तर्गत दायित्व भएको रोजगारदाता को हो ?

आकस्मिक वा अनियमित आधारबाहेक न्यू योर्क सिटीमा घरेलु कामदारलाई काम दिने जो कोही। यसमा व्यक्तिगत रोजगारदाताका साथसाथै कम्पनीहरू पनि पर्छन्। रोजगार एजेन्सी तथा रोजगार खोज्न मद्दत गर्ने व्यक्तिहरूलाई पनि NYCHRL ले समेट्छ।

- नोट: एकजना मात्रै कामदारलाई रोजगार दिने वा राख्ने व्यक्तिको पनि NYCHRL अन्तर्गत दायित्वहरू हुन्छन्।

## नयाँ कानुनमा कस्ता अधिकार तथा दायित्वहरू छन् ?

1. **घरेलु कामदारहरूलाई भेदभावबाट मुक्त हुने अधिकार छ।**
   - रोजगारदाताहरूले घरेलु कामदारहरूका साथ तिनीहरूको वास्तविक वा कथित लिङ, राष्ट्रिय मूल, नश्ल, अध्यागमन स्थिति, धर्म, वा NYCHRL द्वारा संरक्षित कुनै अन्य श्रेणीको आधारमा भेदभाव गर्न सक्दैनन्। यसको मतलब रोजगारदाताहरूले घरेलु कामदारलाई काममा राख्ने वा निकाल्ने, कम तलब दिने, उहाँहरूलाई दुर्व्यवहार गर्ने वा दुर्व्यवहार हुन दिने, वा उहाँहरूको सुरक्षित वर्गमा सदस्य भएकाले उहाँहरूसँग तल्लो स्तरको व्यवहार गर्न सक्दैनन्।
   - NYCHRL अन्तर्गत रोजगारमा भेदभाव संरक्षण र संरक्षित वर्गको थप जानकारीको लागि आयोगको वेबसाइट हेर्नुहोस्।
2. **घरेलु कामदारहरूलाई आफ्नो रोजगारको आवश्यक कार्यहरू गर्नमा सक्षम हुनको लागि उचित समायोजनको अधिकार, वा तिनीहरूको कार्यतालिका वा रोजगार कर्तव्यमा परिवर्तनहरूको अधिकार हुन्छ।**
   - कर्मचारीहरू अशक्तता, गर्भावस्था वा सम्बन्धित चिकित्सा अवस्थाहरू, प्रसव, स्तनपान, धार्मिक अभ्यास वा पर्व, र हिंसा, यौन हिंसा, वा नियमित दुर्व्यवहारको शिकारको स्थितिसम्बन्धी आवश्यकताहरूको लागि उचित समायोजनको हकदार हुनुहुन्छ।
   - यदि कुनै रोजगारदातालाई कर्मचारीलाई उचित समायोजनको आवश्यकता हुनसक्छ भन्ने थाहा छ भने उहाँहरूले कर्मचारीसँग उहाँहरूको आवश्यकताहरू बुझ्न र सम्भावित समायोजनबारे छलफल गर्नको लागि सहयोगी संवाद, वा सद्भावना छलफलमा संलग्न हुनुपर्छ।
   - NYCHRL अन्तर्गत यथोचित समायोजनहरूबारे अधिक जानकारीका लागि असक्तताको आधारमा भेदभावसम्बन्धी आयोगको कानुनी कार्यान्वयन दिशानिर्देशन तथा गर्भावस्था, प्रसव, तथा सम्बन्धित चिकित्सा अवस्थाहरूसम्बन्धी नियमहरू हेर्नुहोस्।
3. **नियुक्त गर्दा, रोजगारदाताहरूले घरेलु कामदारहरूलाई** उहाँहरूको तलब इतिहासबारे प्रश्नहरू सोध्न सक्नुहुन्न, उहाँहरूको क्रेडिट इतिहासबारे सोधपुछ गर्न सक्नुहुन्न, वा काममा राख्नुअघि गाँजा / गाँजाको एक अवयव THC पत्ता लगाउनको लागि लागुऔषध परीक्षण गराउन उहाँहरूलाई भन्न सक्नुहुन्न।
4. **घरेलु कामदारहरूलाई यौन उत्पीडन संरक्षणबारे लिखित सूचना पाउने तथा यौन उत्पीडन संरक्षणसम्बन्धी तालिम लिन पाउने अधिकार हुन्छ।**

- घरेलु कामदारलाई काममा राखिसकेपछि उहाँहरूको रोजगारदाताले उहाँहरूलाई यौन दुर्व्यवहारसम्बन्धी उहाँहरूको अधिकारको लिखित सूचना दिनुपर्छ, यौन दुर्व्यवहार सुरक्षासम्बन्धी अंग्रेजी तथा स्पेनिशमा सूचना राख्नुपर्छ, र उहाँहरूले लिङ्गमा आधारित दुर्व्यवहारविरुद्ध NYCHRL को सुरक्षासम्बन्धी वार्षिक तालिम प्राप्त गर्नुहुन्छ भन्ने पक्का गर्नुपर्छ।

5. **घरेलु कामदारहरूलाई भेदभावको विरोध गर्दा, उचित समायोजनका लागि अनुरोध गर्दा (#2 हेर्नुहोस्), वा NYCHRL दाबी दाखिला गर्दा प्रतिशोधबाट मुक्त हुने अधिकार छ।**

## के घरेलु कामदारहरूमा लागू नहुने कुनै NYCHRL सुरक्षाहरू छन् ?

छन्। सिटीको मानव अधिकार कानुनका केही क्षेत्रहरू छन्, जुन घरेलु कामदारहरूमा लागू हुँदैनन्।

- निष्पक्ष अवसर ऐन र विचाराधीन गिरफ्तारी, आपराधिक आरोप, तथा आपराधिक सजायहरूमा आधारित सम्बन्धित रोजगार सुरक्षाहरू लागू हुँदैनन्। यद्यपि, रोजगारदाताहरूले सम्भावित कर्मचारीको गैर-प्रतिबद्धता, पूर्व गिरफ्तारी वा आपराधिक आरोपहरू, बर्खास्त गर्ने विचारमा स्थगन, युवा अपराधी निर्णयहरू, वा काममा राख्दा छाप लगाइएका प्रतिबद्धताबारे सोध्न वा विचार गर्न सक्नुहुन्न।
- घरेलु कामदारहरूका रोजगारदाताहरूले कर्मचारीहरूलाई गर्भावस्था भेदभावसम्बन्धी उहाँहरूको अधिकारहरूको लिखित सूचना दिन वा निर्धारित स्तनपान कक्षा वा नीति बनाएर राख्न आवश्यक पर्दैन। यद्यपि, यदि कर्मचारीहरूलाई गर्भावस्थासम्बन्धी समायोजनको आवश्यकता हुन्छ, जसमा काममा कामदारहरूले स्तनपानका लागि सुविधाजनक समायोजन हुन्छन् भने रोजगारदाताले सहयोगी संवाद गर्नुपर्छ र त्यसो गर्नाले उहाँहरूमा अनुचित बोझ नथपिएसम्म समायोजन उपलब्ध गराउनु पर्छ।

## घरेलु कामदारहरूविरुद्ध निषेधित भेदभाव कस्तो देखिन सक्छन् ?

यहाँ NYCHRL उल्लङ्घन गर्ने व्यवहारका केही उदाहरणहरू छन्:

- रोजगारदाताले घरमा काम गर्ने स्वास्थ्य सहयोगी गर्भावस्था परामर्शमा उपस्थित हुन बिदाका लागि अनुरोध गरेको थाहा पाएपछि उहाँलाई बर्खास्त गर्नुहुन्छ किनभने रोजगारदाताले गर्भवती हुँदा सहयोगीले काम गर्न सक्नुहुन्छ भन्ने विश्वास गर्दैनन्।
- रोजगारदाताले कागजात नभएको घरमा काम गर्ने कामदारलाई के भन्नुहुन्छ भने उहाँले उक्त घरमा भोगेको भेदभावको कुनै पनि घटना रिपोर्ट गरेमा उहाँले आईसीई (ICE) मा फोन गर्नुहुनेछ।
- कालो वर्णकी धाईले के थाहा पाउनुहुन्छ भने उही रोजगारदाताका लागि काम गर्ने पहिलेको गोरो वर्णका धाईहरूले उहाँभन्दा बढी पारिश्रमिक पाउँथे। जब उहाँ आफ्नो रोजगारदातासँग यसबारे कुरा गर्नुहुन्छ, उहाँको रोजगारदाताले “कालो वर्णका कर्मचारीहरू कडा मिहिनेत गर्दैनन्” भनी भन्नुहुन्छ।
- एक बिरामीले घरको परिचारकलाई आफ्नो यौन उत्पीडन रिपोर्ट नगर्न भन्नुहुन्छ वा उहाँले के सुनिश्चित गर्नुहुन्छ भने उहाँ “यस सहरमा पुनः कहिल्यै काम गर्न सक्नेछैनन्।”

## के न्यू योर्कमा घरेलु कामदारहरूसँग अन्य कानुनअन्तर्गत अधिकार हुन्छ ?

हुन्छ। घरेलु कामदारहरूलाई भुक्तान गरिने सुरक्षित तथा बिरामी बिदा, न्यूनतम पारिश्रमिक र ओभरटाइमको तलब, हप्तामा एक (1) दिनको आराम र वर्षमा कम्तीमा तीन (3) दिनको तलब पाउने गरी बिदाको अधिकार छ। पूर्णकालिक घरेलु कामदारहरूलाई पनि कामदारहरूको क्षतिपूर्ति र असक्षमता लाभ बिमाको अधिकार छ, र केही घरेलु कामदारहरू पारिवारिक तलबी बिदाका लागि हकदार हुनुहुन्छ। न्यू योर्क राज्यमा घरेलु कामदारका लागि अधिकारहरूबारे थप जानकारीका लागि यहाँ हेर्नुहोस्।

## यदि मसँग यी अधिकार र दायित्वहरूबारे प्रश्नहरू छन् वा भेदभाव रिपोर्ट गर्न चाहन्छु भने मैले के गर्नुपर्छ ?

मानव अधिकार आयोगको (212) 416-0197 मा फोन गर्नुहोस् वा NYC.gov/HumanRights हेर्नुहोस्। तपाईंले उजुरी दायर गर्न सक्नुहुन्छ, अज्ञात रूपमा सुझाव छोड्न सक्नुहुन्छ, आफ्नो जिम्मेवारीबारे थप जान्न सक्नुहुन्छ, वा निःशुल्क कार्यशालाका लागि दर्ता गर्न सक्नुहुन्छ।